## मिती २०७५ साल वैशाख ०४ गतेको एक्काइसौं बैठकका निर्णयहरु

**निर्णय न १:**

यस वीरेन्द्रनगर नगरपालीकाको मिती २०७४ साल चैत्र १३ गते सम्पन्न भएको दोस्रो नगरसभाको समिक्षा गरियो । उक्त सभा सन्तोषजनक रहेको पाइयो ।

**निर्णय न २:**

यस नगरपालीकाको सामाजिक विकास समिती मार्फत पेश हुन आएका निम्न निर्देशिकाहरुलाई संशोधन सहित स्विकृत गरियो ।

**निम्न**

१.जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशन २०७४

२.गैर सरकारी संस्था समन्वय निर्देशिका २०७४

**निर्णय न ३:**

यस नगरपालीकाको पुर्वाधार विकास समिती मार्फत पेश भएका स्थानमा सतह ढल निकास निर्माणको कार्य अगाडी बढाउने । साथै नगरका निम्न स्थानमा पुर्वाधार विकास समिती,कार्यालयका प्राविधिकहरुको स्थलगत निरिक्षण पश्चात स्रोत एकिन गरि अस्थायी प्रकृतिको सतह ढल निर्माण गर्ने ।

**निम्न:**

१.भुवनेश्वरी पेटोल पम्प पुर्व,नारायणदेव गिरीको घर हुँदै राना टोल हुँदै हरिडिल भुमि स्कुल,वडा न ३ र ४ ।

२.संचयकोष उत्तर(दैलेख जिरो प्वाइन्ट हुँदै इत्राम खोला) वडा न ८ ।

३.मंगलगढि चौक देखी गोरेखाकल वडा न ९ ।

४.एयरपोर्ट चौक देखी इत्राम खोला सम्म वडा न १२ ।

५.वडा न २ का खोल्साखोल्सी खोल्ने कार्य ।

६.प्रशान्ति वृद्धाश्रमको साइडमा सतह ढल निर्माण वडा न ३ ।

७.पिपिरा गाँउ देखी ढोलढुगाँ बस्ति सम्म वडा न १० ।

८.वडा न १२ र १३ बिचको नेवारे खोला ।

**निर्णय न ४:**

यस नगरपालीकामा इजलासका लागी आवश्यक सेड निर्माणको स्रोतको खोजी गरि निर्माण कार्य अगाडी बढाउने ।

**निर्णय न ५:**

नगर गौरवको योजना संचालनको कममा बोलपत्र दाताहरुबाट कवोल अंक घटि भै बचत हुन आएको रकम मध्येबाट प्रत्येक बडाबाट रु.४ लाख टिप्पर खरिदका लागी खर्च गरि बाँकि हुन आउने रकम नगर गौरवको योजनाको बाँकी रहेको कार्य सम्पन्न गर्ने गरि खर्च गर्ने ।

**निर्णय न ६:**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न ३७५ मिती २०७४।१२।२१ को वैदेशिक भ्रमण सम्बन्धी पत्र बैठकमा जानकारी गरियो ।

**निर्णय न ७:**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त अन्तरिम दरबन्दी सम्बन्धमा बैठकमा जानकारी गरियो ।

**निर्णय न ८:**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक परिचालन तथा गैसस समन्वय शाखा) को च.न ४० मिती २०७४।१२।१३ को पत्रानुसार आवश्यकताका आधारमा पहिले कार्यरत रहि २०७४ साल पौष १७ गतेदेखी सेवामा नरहेका सामाजिक परिचालकहरुलाई २०७४ साल चैत्र १६ गतेदेखी २०७५ आषाढ मसान्त सम्म साविकमा खाइपाइ आएको मासिक निर्वाह खर्च उपलब्ध गराउन सकिने गरि काममा लगाउन सकिने भनी लेखी आए बमोजिम यस नपाका वडा कार्यालयमा देहायका सामाजिक परिचालकहरुलाई काममा लगाइएको हुनाले निजहरुको सेवालाई २०७५ साल आषाढ मसान्त सम्म निरन्तरता दिने ।

**निम्न:**

| क.स | सामाजिक परिचालकको नाम | कार्यरत वडा | क.स | सामाजिक परिचालकको नाम | कार्यरत वडा |
|---|---|---|---|---|---|
| १ | शुशिला वि क | १ | १३ | पदमा गौतम | ८ |
| २ | बाटु वि क | १ | १४ | भविसरा गिरी | ९ |
| ३ | हरिमाया कार्कि | २ | १५ | राधा वि.क | ९ |
| ४ | धनसरा आचार्य | २ | १६ | निशा वली | १० |
| ५ | नविन रसाइली | ३ | १७ | अन्जली वि.क | ११ |
| ६ | दिपा सोमै | ४ | १८ | शान्ति थापा | ११ |
| ७ | पुष्पा पुरी | ४ | १९ | आशा कुमारी थापा | १२ |
| ८ | लक्ष्मी सारु | ५ | २० | सविना के.सी | १३ |
| ९ | रेखा के.सी | ६ | २१ | गिता के.सी | १३ |
| १० | चन्द्रा पौडेल | ७ | २२ | आनन्द कडेंल | १४ |
| ११ | गंगा गुरुगं | ७ | २३ | देव कुमारी थापा | १५ |
| १२ | उर्मिला के.सी | ८ | २४ | ललित वली | १६ |

**निर्णय न ९:**

यस नगर क्षेत्रमा निर्माण हुन गईरहेको चक्रपथको सडक अधिकार क्षेत्र ३० मिटर कायम हुने गरि तोकिएकोमा हाल उक्त सडक निर्माणको कार्य थालनी हुन लागेकाले सडकको अधिकार क्षेत्र किटानीका लागी पिलर गाड्ने कार्य गर्ने ।

**निर्णय न १०:**

यस नगरपालिका क्षेत्र भित्रको रत्न राजमार्ग र घण्टाघर लाइनको सडकमा गुरुयोजना प्लानिङ्ग नक्सामा दिईएको बिलडिङ्ग लाइनको अगाडी निर्माण भएका संरचना,पर्खाल हटाउने ।